आज मिति २०७९ साल श्रावण ८ गते आइतवारका दिन व्यास नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री डिल्लीराम सिग्देल | उपस्थित |
| प्रशासकीय अधिकृत | श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: २०७९/३/२२ को निर्णयको समिक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: व्यास नगर स्वास्थ्य स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि सम्बन्धमा ।
प्रस्ताव नं.३: मतदान केन्द्र संशोधन तथा थप सम्बन्धमा ।
प्रस्ताव नं.४: सल्लाहकार मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.५: कानूनी सल्लाहकार एवं परामर्श सेवा सम्बन्धमा ।
प्रस्ताव नं.६: व्यास नगर खेलकूद समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.७: व्यास नगरपालिका प्रवक्ता नियुक्ती सम्बन्धमा ।
प्रस्ताव नं.८: नगरवासी तथा वडाबासीसँग सम्वाद कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.९: विपद व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१०: एक बर्षे अनुदान कोटाको शिक्षक दरबन्दी विवरण सम्बन्धमा ।
प्रस्ताव नं.११: स्वयं सेवक शिक्षक भर्ना सम्बन्धमा ।
प्रस्ताव नं.१२: घर भाडामा दिने सम्बन्धमा ।
प्रस्ताव नं.१३: आ.व. २०७९/०८० का विभिन्न शिर्षकमा ठेक्का लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.१४: योजना तथा कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.१५: आयुर्वेद औषधालय वडा समिति गठन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१६: वडा व्यवस्थापन खर्च मापदण्ड सम्बन्धमा ।
प्रस्ताव नं.१७: आयोजना छनौट गरी पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.१८: काज फिर्ता सम्बन्धमा ।
प्रस्ताव नं.१९: शिक्षक सरुवा सहमती सम्बन्धमा ।
प्रस्ताव नं.२०: शिक्षक कर्मचारी सरुवा सम्बन्धमा ।
प्रस्ताव नं.२१: म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२२: सहयोगी नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.२३: आगलागी एवं विपदजन्य घटनामा राहत उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२४: नक्शापास प्रतिलिपी सम्बन्धमा ।
प्रस्ताव नं.२५: जिन्सी लिलाम सम्बन्धमा ।
प्रस्ताव नं.२६: क्यान्टिनको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.२७: अपाङ्गता परिचयपत्र वितरण समन्वय समिती गठन सम्बन्धमा ।
प्रस्ताव नं.२८: मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय समन्वय समिती सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०७९/३/२२ को कार्यपालिका बैठकको समिक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धित शाखालाई निर्देशन दिइयो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७९ संशोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा निकट भविष्यमा हुन गइरहेको प्रदेश र संघीय संसदको निर्वाचनको सन्दर्भमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा मिति २०७९/४/५ गते दमौलीमा भएको बैठकबाट तनहुँका सबै पालिकाले आ-आफ्नो पालिकामा राष्ट्रिय मान्यता प्राप्त राजनैतिक दलका प्रतिनिधिहरु संलग्न संयुक्त बैठकबाट मतदान केन्द्र परिवर्तन, संशोधन, थप सम्बन्धी सुझाव दिन निर्णय भए अनुसार यस पालिकामा मिति २०७९/४/६ गते सर्वदलिय बैठक बसी वडा नं.५ को चिन्तुटार, वडा नं.७ को क्यामिन मा.वि., वडा नं.८ को पुलिमराङ, वडा नं.१० को शिव मा.वि. दुम्सीबजार, वडा नं.१२ को छाब्दी प्रा.वि., वडा नं.१३ को सिद्धबेनी आधारभुत विद्यालय बेलवास थप गर्ने र वडा नं.८ को गा.वि.स. भवन फेदीलाई व्यास वडा नं.८ को कार्यालय रिस्ती फेदी, वडा नं.९ को नारायणचौर

आधारभुत विद्यालय चण्डिथानलाई नारायणचौर सामुदायिक भवन चण्डीथान संशोधन गर्न भएको निर्णयको जानकारी प्राप्त भई सम्बन्धित वडा अध्यक्षहरुको नेतृत्वमा थप हुने केन्द्रमा कायम हुने मतदाता विवरण समेत २०७९/४/१० सम्म पेश गर्न जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकालाई विभिन्न विषयमा सल्लाह सुझाव दिनका लागि निम्नानुसार महानुभावहरुलाई सल्लाहकार मनोनयन गर्ने र अन्य महिला समेत सहभागी हुने गरी आगामी बैठकहरुबाट थप गर्ने गरी निर्णय गरियो ।

(१) प्रथम नगर प्रमुख श्री तारा प्रसाद श्रेष्ठ (२०४९-०५४) व्यास ४
(२) पूर्व नगर प्रमुख श्री ध्रुव वाग्ले (२०५४-०५९) व्यास ५
(३) इन्जिनियर श्री सूर्यनारायण श्रेष्ठ, व्यास ३
(४) पर्यटन विद श्री हरिसिंह गुरुङ्ग, व्यास १
(५) कृषि विज्ञ श्री थमबहादुर दरै, व्यास ११

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा अधिवक्त श्री यज्ञ बहादुर राना (व्यास वडा नं.६) लाई कानूनी क्षेत्रको परामर्श लिने गरी यस आ.व.२०७९/०८० का लागि कानूनी परामर्शदातामा निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगर खेलकूद समितिमा निम्नानुसार जिम्मेवारी दिने गरी निर्णय गरियो । साथै कार्यविधि अनुसार अन्य सदस्यहरु आगामी बैठकहरुबाट थप गर्ने निर्णय गरियो ।
(क) संयोजक - श्री सुरेश थापा, वडा नं. ९ अध्यक्ष
(ख) सदस्य - श्री जीवन गुरुङ्ग, वडा नं. ६ अध्यक्ष
(ग) सदस्य - श्री विश्व अधिकारी, वडा नं. ३ राष्ट्रिय खेलाडी

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको प्रवक्तामा वडा नं.६ का अध्यक्ष श्री जीवन गुरुङ्गलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा नगर तथा वडाबासीहरुसँग नियमित सम्वादका लागि हरेक महिनाको २ गते ठिक ११:३० बजे नगरबासीसँग मुख्य कार्यालयमा प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, उपलब्ध वडा अध्यक्ष, शाखा प्रमुखहरुसँग खुला छलफल गर्ने र उक्त दिन बिदा परेमा भोलिपल्टी सोही समय र स्थानमा सम्वाद गर्ने वडाबासीसँग वडाप्रतिनिधिहरुको मासिकरुपमा वडा समितिले तय गरेका मिति, समय र स्थानमा सम्वाद गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा तत्काल विभिन्न विपदजन्य विषयहरुमा सम्बोधन गर्न आ.व.२०७९/०८० को विपद कोषबाट खर्च हुने गरी रू.१०,००,०००।- (दश लाख) भित्रको तारजाली र रू.५,००,०००।- (पाँच लाख) भित्रको ह्यूमपाइप नियमानुसार खरिद गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा शिक्षा मन्त्रालय शिक्षा विभागबाट यस नगरपालिकालाई प्राप्त मा.वि. तर्फ १० र आधारभुत तर्फ ७ एकबर्षे अनुदान कोटा कार्यविधिको मापदण्ड अनुसार निम्न विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

**मा.वि.तर्फ:**
(१) बालमन्दिर मा.वि. दमौली व्यास २ – १
(२) शिवपाञ्चायन मा.वि. देउराली नगर व्यास ३ – १
(३) पराशर मा.वि. व्यास ५ पाटन – १
(४) इन्दु मा.वि. व्यास ६ अम्रेनी – १
(५) बसाहस्थान मा.वि. व्यास ९ बसाहस्थान – १
(६) शिव मा.वि. व्यास १० दुम्सीबजार – १

(७) भानु मा.वि., व्यास १० दुम्सीचौर – १
(८) सर्वज्योति मा.वि. व्यास १० स्योर – १
(९) अमरसिंह मा.वि. व्यास ११ धरमपानी – १
(१०) अमरज्योती मा.वि. व्यास १२ छिर्कने – १

**आधारभूत विद्यालयतर्फः**
(१) शुक्र आधारभूत विद्यालय व्यास ५ चिन्तुटार – १
(२) शहिदधर्म आधारभूत विद्यालय व्यास ८ पुलिमराङ – १
(३) लक्ष्मी आधारभूत विद्यालय व्यास ९ विर्ता – १
(४) जनता आधारभूत विद्यालय व्यास १० अँधेरीभञ्ज्याङ्ग – १
(५) चण्डिका आधारभूत विद्यालय व्यास ११ मुलपानी – १
(६) अमरज्योती आधारभूत विद्यालय व्यास १४ ठिन नयाँगाउँ – १
(७) गुदी फच्याङ्ग आधारभूत विद्यालय व्यास १३ गुदी – १

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्र ५३ प्रा.वि. दरबन्दी संघीय सरकार शिक्षा विभागबाट काटिएको र समुदायिक विद्यालयहरुमा निजी शिक्षक राखी शुल्क उठाउने प्रवृत्ति देखिएको हुँदा त्यसलाई न्यूनीकरण गर्दै जाने उद्देश्यले आन्तरिक श्रोतबाट खर्च गर्ने गरी आ.व. २०७९/०८० का लागि पारित नीति तथा बजेट कार्यक्रम अनुसार हुने गरी समावेशी आधारमा पारित कार्यविधि अनुसार मा.वि. तर्फको १५ जना र आधारभूत तर्फ २५ जना समेत ४० जना हाललाई ६ महिनाका लागि स्वयंसेवक शिक्षक नियुक्त गर्न सम्बन्धित शाखालाई निर्देशन दिने र सो प्रकृया अगाडि बढाउनु पूर्व विद्यालयहरुसँग स्वयंसेवक शिक्षक आवश्यकताको ५ दिने सूचना दिन समेत निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको बहुउद्देश्यीय भवनको दक्षिण पश्चिम मोहोडा भएको सटर नं.१४ र १५ का २ वटा सटरलाई एउटै बनाइएको र हाल उक्त सटर खाली भएकाले मासिक प्रति कोठा न्यूनत्तम २०,०००।- (बीस हजार), संयुक्त भएमा न्यूनत्तम ४०,०००। (चालिस हजार) नघट्ने गरी ७ दिने सूचना प्रकाशित गरी बढी भाडा रकम कबोल गर्नेलाई घर भाडामा दिन राजश्व परामर्श उपशाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७९/०८० का लागि प्राकृतिक श्रोत मादीनदी, मादिसेती नदीको ढुङ्गा, गिट्टी, बालुवाको हकमा वातारणीय अध्ययन मूल्याङ्कन प्राप्त भएपछि, वातावरण शुल्कको हकमा प्रकाशित ठेक्का अनुमोदन गर्ने र निम्न विषयको हकमा गतवर्षको ठेक्का प्रस्तावमा १०% बृद्धि गरी निम्नानुसार विषयमा ठेक्का आव्हान एवं अनुमोदन गर्न सम्बन्धित शाखा उपशाखालाई जिम्मा दिने निर्णय गरियो ।

| सि.नं. | शिर्षक | गत बर्ष | यस वर्ष न्यूनतम |
|---|---|---|---|
| १. | छाब्दी बसपार्क | २,५०,०००।०० | २,७५,०००।०० |
| २. | करङकाठ बसपार्क | ३,००,०००।०० | ३,३०,०००।०० |
| ३. | कवाडी | ३,००,०००।०० | ३,३०,०००।०० |
| ४. | विज्ञापन | | १०,००,०००।०० |

**निर्णय नं. १४ :** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा आ.व. २०७८/०७९ को आषाढ महिनामा नेपाल सरकार, अर्थ मन्त्रालय, महालेखा नियन्त्रण कार्यालयले अधिराज्यभर आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३० को उपनियम (१) र (२) अनुसार TSA र CGAS प्रणालीहरु र प्रदेश सरकार तथा स्थानीय तहको हकमा TSA, CGAS र SuTRA सोही नियमावलीको नियम ३० को उपनियम (७) र (८) अनुसार २०७९ आषाढ २५ गते राती १२ बजे देखि खर्च लेख्न बन्द गरिदिएको हुँदा पालिका तर्फको संचित कोषबाट (फ्रिज नहुने) योजना तथा कार्यक्रम कार्य सम्पन्न भई भुक्तानीका लागि पेश भएको म.ले.प. फाराम नं. १८ मा उल्लेखित चालु कार्यक्रम (२३४) को

रू.२,२५,८४,४२३।- र पूँजीगत योजना (१२४) को रू.२,३४,१५,५७७- गरी भुक्तानी दिनुपर्ने जम्मा रकम रू.४,६०,००,०००।- (अक्षेरुपी चार करोड साठी लाख रुपैंया मात्र) यस आ.व. २०७९/०८० का बैंक मौज्दातबाट रकम छुट्याई अल्या गरी आगामी नगर सभाबाट अनुमोदन हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा स्थानीय स्वायत्त शासन सञ्चालन व्यवस्थापन निर्देशिका २०७५ बमोजिम आयुर्वेद कार्यालय सञ्चालन भइरहेका वडा नं.६, ८, १४  मा नगर प्रमुख संरक्षक रहने गरी निम्नानुसार आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

(१) अध्यक्ष -सम्बन्धित वडा अध्यक्ष – १
(२) उपाध्यक्ष -वडा समितिले मनोनित गरेको निर्वाचन महिला सदस्य – १
(३) सदस्य -आयुर्वेद रहेको नजिकको विद्यालयको प्रधानाध्यापक – १
(४) सदस्य -स्थानीय व्यापार संघको प्रतिनिधि – १
(५) सदस्य -समितिबाट मनोनित स्वास्थ्य स्वयंसेवक मध्ये – १
(६) सदस्य -वडा कार्यालय सचिव – १
(७) सदस्य सचिव -श्री सम्बन्धित आयुर्वेद औषधालय प्रमुख – १

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका भित्रका वडा व्यवस्थापन खर्च प्रति वडा वार्षिक रू.२,४०,०००।- मासिक रू.२०,०००।- नगर सभाबाट तोकिएकोमा सोको मापदण्ड पारित गर्ने निर्णय गरियो । मापदण्ड २०७५ लाई (चौथो संशोधन २०७९) निम्नानुसार संशोधन गरिएको छ ।

<u>वडा व्यवस्थापन खर्चको मापदण्ड</u>

नगर कार्यपालिकाको निर्णय अनुसार वडा कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि प्रति वडा वार्षिक रु.२,४०,०००। (अक्षरुपी दुई लाख चालिस हजार रुपैयाँ मात्र) उपलब्ध गराउँदा खर्च गर्ने गरी यो मापदण्ड २०७५ (चौथो संशोधन २०७९) स्वीकृत गरी लागु गरिएको छ ।

**मापदण्डको नाम:** वडा सञ्चालन तथा व्यवस्थापन मापदण्ड रहने छ ।

**परिभाषा:** यो मापदण्ड भन्नाले वडा कार्यालयमा दैनिक कार्य सञ्चालनका लागि खर्च गर्ने खर्च सम्झनुपर्नेछ ।

**संशोधन:** यो मापदण्डको संशोधन तथा खारेजी कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

**१. परिचय:** नगर सभाबाट भएको निर्णय बमोजिम वडा कार्यालय सञ्चालन तथा व्यवस्थापन गर्न बनेको यो मापदण्ड कार्यपालिकाको निर्णय भएको मितिबाट लागु गरी कार्यान्वयन गरिने छ ।

**२. वडा कार्यालय व्यवस्था तथा सञ्चालन मासिक खर्चतर्फ**

(क) वडा कार्यालयको विद्युत तथा खानेपानी महशुल: मासिक रु.२,५००। (बिल बमोजिम),
(ख) सरसफाईका सामान खरिद: मासिक रु.१,०००।
(ग) कम्प्युटर प्रिन्टर फोटोकपी मर्मत खर्च: मासिक रु.२,०००।
(घ) जेनेरेटरका लागि इन्धन खर्च: मासिक रु.१,०००।
(ङ) बैठक खाजा खर्च: मासिक रु.५,५००।

**३. वडा सचिवका लागि मासिक सुविधातर्फ**

(क) वडा सचिव सञ्चार खर्च: मासिक रु.१,०००।
(ख) वडा सचिव इन्धन खर्च: ग्रामिण वडा मासिक रु.३,०००।, शहरी वडा मासिक रु.२,०००।
(ग) कार्यालयको मोटरसाइकल मर्मत खर्च: मासिक रु.१,५००। (प्रति मोटरसाइकल)
(घ) अन्य विविध खर्च: ग्रामिण वडा मासिक रु.२,५००।, शहरी वडा मासिक रु.३,५००।

जम्मा (सि.नं.२+३): मासिक रु.२०,०००।

४. कार्यालयको सवारी साधन मोटरसाइकलको नवीकरण वार्षिक कर र तेस्रो पार्टी बिमा समेत वार्षिक १ पटक रु.७,०००। वा विल बमोजिमको खर्च थप उपलब्ध हुनेछ, जुन खर्च रु.२,४०,०००। मा समावेश गरिएको छैन ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकारले जिल्ला समन्वय समिति मार्फत माग भई आएको लगानी सम्मेलनका लागि पेश गर्नु पर्ने आयोजनाका लागि निम्न योजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो ।

(१) एकीकृत मादी नदी उपत्यका विकास परियोजना ।

(२) नारेश्वर ताल निर्माण परियोजना ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा बुद्ध दाहाल बहिरा प्रा.वि. व्यास १ का प्र.अ. श्री टेकलाल श्रेष्ठलाई साविक विद्यालय जलदेवी मा.वि. वडा नं. १ भादगाउँमा काज फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा नवलपुर जिल्ला गैंडाकोट नगरपालिका वडा नं.७ नारायणी माध्यामिक विद्यालयमा कार्यरत स्थायी मा.वि. तृतीय विज्ञान शिक्षक श्री ऋषिराम सिग्देललाई निर्मल माध्यामिक विद्यालय व्यास १ को रिक्त विज्ञान बिषयको मा.वि.दरबन्दीमा सरुवा सहमती दिने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा निम्न लिखित शिक्षकहरुलाई सरुवा गर्ने निर्णय गरिन्छ ।

१. प्रा.वि.शिक्षक श्री बिष्णुमायां के.सी. व्यास ९ माहेन्द्री मा.वि.बाट, व्यास ९ लक्ष्मी आधारभूत विद्यालय ।

२. प्रा.वि. शिक्षक श्री तेज बहादुर गुरुङ्ग व्यास ९ कालिका प्रा.वि.बाट, व्यास ९ माहेन्द्री मा.वि. ।

३. प्रा.वि. शिक्षक श्री सितादेवी लम्साल व्यास ५ पद्मम प्रा.वि.बाट, व्यास ६ देउराली प्रा.वि. ।

४. प्रा.वि. शिक्षक श्री विमल पौडेल व्यास ८ सहजिवन प्रा.वि.बाट, व्यास ५ जनजुक्त शाही मा.वि. ।

५. प्रा.वि. शिक्षक श्री लक्ष्मण तिमिल्सेना व्यास ८ कृष्णालय प्रा.वि. बाहुनपोखराबाट, व्यास ८ शहिद धर्म आधारभूत विद्यालय पुलिमराङ ।

६. नि.मा.वि. राहत शिक्षक श्री शारदा सिलवाल व्यास १४ अमरज्योती आधारभूत विद्यालयबाट, व्यास १० भानु मा.वि. ।

७. कार्यालय सहयोगी जुना गुरुङ्ग व्यास ९ कालिका प्रा.वि. कात्तिकेचौरबाट, व्यास ९ माहेन्द्री मा.वि.झिनुवाटार ।

८. श्याम्घा प्रा.वि. व्यास ६ मर्ज भई उक्त विद्यालयमा कार्यरत बालविकास शिक्षक श्री सिता बोटे लाई समता विद्यालयमा स्थानान्तरण गरिएकोमा समता विद्यालयमा हाल बालविकासका विद्यार्थी नहुंदा क्यामिन मा.वि. कलेस्तीमा स्थानान्तरण गर्ने ।

९. प्रा.वि. शिक्षक लक्ष्मी भुसाल व्यास ६ देउराली प्रा.वि.बाट, व्यास २ जनसेवा प्रा.वि.मा पदस्थापन सरुवा ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा यस व्यास नगरपालिकाको घर नक्शा शाखामा विद्युतीय नक्शा पासको पुराना फाईलको व्यवस्थापन साथै नयां नक्शा पास प्रकृयालाई निरन्तरता दिन NSET (भुकम्प प्रविधि राष्ट्रिय समाज नेपाल) र व्यास नगरपालिका बिच भएको सम्झौता अनुसार यस आर्थिक वर्ष ०७९/०८० का लागि म्याद थप गर्ने र सो प्रकृयामा श्रोतव्यक्तिका रुपमा कार्यरत श्री सविया वेगमलाई समाजिक परिचालिकाले प्राप्त गर्ने सेवा सुविधा सरह पारिश्रमिक पाउने गरी ०७९ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा हाल नगर प्रमुखको सहयोगीका रुपमा कार्यरत विनोद राना उपप्रमुखको सहयोगी भान्छेको रुपमा व्यवस्थापन गर्ने र  नगर प्रमुखको सहयोगी भान्छेका लागि व्यास नगरपालिका वडा नं.२ दमौली बस्ने श्री तिल कुमारी पहरीलाई काम गरेकै मिति देखि ०७९

पौष मसान्तसम्म मासिक रु.१८,५००/ अठार हजार पाँच सय पारिश्रमिक पाउने गरी भान्छे सहयोगीमा नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा ०७८/११/२० गते दमौली बजारमा भएको आगलागी समेत विभिन्न विपदजन्य अवस्थामा निम्नानुसार राहत उपलब्ध गराउने निर्णय गरीयो ।

| सि. नं. | नाम थर/कार्यक्रम | वडा नं. | राहत रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १ | रमेश कुमार श्रेष्ठ (ज्योति हार्डवयर्स) | ४ | ७५,०००/ | विपद ९०९ |
| २ | भूपाल आले (भूपाल हार्डवयर्स) | ४ | ७५,०००/ | विपद ९०९ |
| ३ | दिपक श्रेष्ठ | ४ | २५,०००/ | विपद ९०९ |
| ४ | कलबहादुर गुरुङ्ग ( सुमा गुरुङ्ग) | ४ | २५,०००/ | विपद ९०९ |
| ५ | चनुमायां बि.क. | ४ | २५,०००/ | विपद ९०९ |
| ६ | लालबहादुर गुरुङ्ग (धनश्री गुरुङ्ग) | ४ | २५,०००/ | विपद ९०९ |
| ७ | राममायां गुरुङ्ग (चन्द्र बहादुर गुरुङ्ग) | ४ | २५,०००/ | विपद ९०९ |
| ८ | होमबहादुर गुरुङ्ग (बाल कुमारी गुरुङ्ग) | ४ | २५,०००/ | विपद ९०९ |
| ९ | विरेन धमेल | ४ | १५,०००/ | विपद ९०९ |
| १० | बलराम राना (बिष्णुमायां राना) | ४ | २५,०००/ | विपद ९०९ |
| ११ | तनहुंसुर मिनि मार्केट | ४ | ५०,०००/ | विपद ९०९ |
| १२ | रमेशचन्द्र आचार्य (आगलागी) | ९ | ३०,०००/ | विपद ९०९ |
| १३ | मानबहादुर अधिकारी धन्सार मर्मत | | २५,०००/ | विपद ९०९ |
| १४ | कन्टार चापाघाट विद्युत पोल स्थानान्तरण | ५ | २,००,०००/ | ९२१ |
| १५ | सिसि क्यामेरा मर्मत | ७ | १५,८९५/ | ९२१ |
| १६ | कालिका मार्ग नरङ्गा मार्ग सरसफाई | ७ | ३३,०००/ | विपद ९०९ |
| १७ | रानीगाउं दरै समाज भवन पहिरोबाट संरक्षण | ११ | ५०,०००/ | विपद ९०९ |
| १८ | मिठे सार्की घर छाना मर्मत | १२ | १५,०००/ | विपद ९०९ |
| १९ | गोपी परिया घर संरक्षण पहिरो हटाउने | १२ | २५,०००/ | विपद ९०९ |
| २० | श्रीकृष्ण टोलमा विद्युत पोल स्थानान्तरण सहयोग | ४ | १२,०००/ | ६२ |
| २१ | सेन्ट्रल पार्क मर्मत एवं जाली राख्ने | ३ | ३,४५,३६८/ | ९३५ |
| २२ | ईन्द्र कुमारी घर्ति-भत्केको घर मर्मत | ९ | ३०,०००/ | विपद |
| २३ | शेरा टारी खेत सिंचाई मोटर खरिद | ७ | २,००,०००/ | ९२० |
| २४ | प्राज्ञिक विद्यार्थी बाल सरोकार कार्यकम सहयोग | | ५०,०००/ | १९५ |
| २५ | एम्बुलेन्स मर्मत सहयोग | ६ | १,००,०००/ | २२१ |
| २६ | वेदानुयायी प्रतिष्ठान महारुद्राभिषेक सहयोग | ३ | ५०,०००/ | २४६ |
| २७ | जेसिआई व्यासनगर साईनिङ्गस्टार प्रतियोगिता व्यवस्थापन | २ | २,००,०००/ | ११८ |
| २८ | ध्रुवतारा बचत तथा ऋण सहकारी कार्यक्रम सहयोग | ८ | १०,०००/ | २११ |
| २९ | गौसंरक्षण केन्द्रलाई मादीनदी नियन्त्रण गर्ने कार्य | १० | १,७०,९४०/ | विपद ९०९ |
| ३० | सन्त बहादुर दर्जिको घर संरक्षण- निर्माण सहयोग | १० | २५,०००/ | विपद ९०९ |
| ३१ | गम्भीरमान ठकुरी उच्च शिक्षा अध्ययन सहयोग | १३ | ३०,०००/ | १९९ |
| ३२ | अपाङ्ग लेखनाथ नागिलाको सवारी साधन खरिद सहयोग | ६ | २५,०००/ | २०७ |
| ३३ | नेपाल प्रेस युनियन सम्मेलन सहयोग | | २०,०००/ | ६२ |
| ३४ | जिवन विज्ञान प्रशिक्षण तथा नेतृत्व विकास सहयोग | | १,००,०००/ | २१८ |
| ३५ | उपेन्द्र विक्रम राणा-फुर्लुङ्गे पुल निर्माण क्षतिपूर्ति सहयोग | | १५,०००/ | ६२ |
| ३६ | आशा सुवेदी-फुर्लुङ्गे पुल निर्माण क्षतिपूर्ति सहयोग | | १५,०००/ | ६२ |
| ३७ | गिता नहर्की कमलाबारी गम्भीर बिरामी उपचार खर्च | १२ | ४०,०००/ | ५३ |
| ३८ | तीर्थ एग्रो एण्ड मल्टीप्रपोज प्रा.लि. कृषि संरक्षण | ११ | १,५०,०००/ | विपद ९०९ |

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वार्ड नं. ४ स्थित भूपाल हार्डवयर्समा आगलागी हुंदा सो बाट प्रभावित अन्य घरहरुको नक्शा पास सम्बधी कागजातहरुको प्रतिलिपी आवश्यक परी माग गरेमा निशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाद्वारा आ.व.०७७/०७८ मा लिलाम बिकि गर्नुपर्ने भनी जिन्सी निरिक्षण प्रतिवेदनमा औंल्याईएका काम नलाग्ने सवारी साधन र अन्य फर्निचर समेतका सामानहरु लिलाम बढाबढ मार्फत बिकी गर्न २०७९/२/१९ गतेको दैनिक पत्रिकामा प्रकाशित शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार पर्न आएका ३ वटा फर्म व्यक्ति मध्ये सबैभन्दा बढी अंक रु.६,२५,०००/(छ लाख पच्चीस हजार भ्याट सहित) कबोल गर्ने श्री संकट मोचन ईन्टरप्राईजेज बिरगंज पर्साको दरभाउ पत्र स्विकृत गर्न मूल्याङ्कन समितीद्धारा सिफारिस गरिएको फर्मलाई नै अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका १० निवासी श्री उमा बरुवालले व्यास नगरपालिका भित्र संचालन गर्दै आउनु भएको क्यान्टिनको म्याद २०७९ आषाढ मसान्तबाट सकिएको हुँदा म्याद सकिएकै मिति देखि लागू हुने गरी म्याद थप तथा रेट परिवर्तन गरी पाउँ भनी दिनु भएको निवेदन बमोजिम सो म्याद सकिएकै मिति देखि लागू हुने गरी निजले पेश गरेको दररेट कायम गरी गत वर्ष व्यास नगरपालिकालाई तिरेको क्यान्टिनको भाडामा १० प्रतिशत बृद्धि गराई एक वर्ष सम्मका लागि सम्झौता गरिदिने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा १ (ख) बमोजिम कार्यपालिका महिला सदस्य मध्येबाट ज्ञानु सुनारलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा मानव अधिकार सम्बन्धी पाचौं राष्ट्रिय कार्ययोजनाको दफा ४.२.४ बमोजिम निम्नानुसार स्थानीय तह समन्वय समिति गठन गर्ने निर्णय गरियो

संयोजक – नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने
सदस्य – नगर उप प्रमुख श्री इन्दिरा दरै
सदस्य – सबै वडाध्यक्ष (१ देखि १४ सम्म)
सदस्य – सम्बन्धित विषय हेर्ने अधिकृतहरु (शिक्षा, स्वास्थ्य, महिला बालबालिका प्रमुख)
सदस्य – अध्यक्षले मनोनयन गरेको १ जना महिला सहित ३ जना
सदस्य – स्थानीय तहमा रहेको सुरक्षा निकाय प्रमुख
सदस्य सचिव –प्रमुख प्रशासकीय अधिकृत श्री हरिराम नागिला